बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८० चैत्र १२ गतेका दिन बेसीशहर नगरपालिका नगरकार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ३३ (तेत्तिसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - | श्री गुमानसिंह अर्याल |
| उप. प्रमुख | - | श्री पदमा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| वडा अध्यक्ष, | वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " | " २ | श्री मदन बहादुर राना |
| " " | " ३ | श्री चित्र बहादुर दनाई |
| " " | " ४ | श्री राम बहादुर गुरुङ |
| " " | " ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " " | " ६ | श्री प्रकाश थापा |
| " " | " ७ | श्री ऋषिराम बस्नेत |
| " " | " ८ | श्री पवित्रा थापा राना |
| " " | " ९ | श्री खुशिजंग गुरुङ |
| " " | " १० | श्री गंगा बहादुर थापा |
| " " | " ११ | श्री शिव प्रसाद जोशी |
| कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| " | " | श्री श्रीनाथ दुलाल |
| " | " | श्री कल्पना थापा बोहरा |
| " | " | श्री विमला न्यौपाने अधिकारी |
| " | " | श्री सुकमाया गुरुङ |
| " | " | श्री सुकमाया घर्ती |
| " | " | श्री मनिता परियार |

सहजकर्ता कर्मचारीको उपस्थिति

प्रशासन /योजना शाखा प्रमुख - श्री शम्भु प्रसाद घिमिरे
सामाजिक विकास शाखा प्रमुख श्री महेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/१२ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८०/१२/१२ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. प्रदेश विशेष र समपुरक अनुदानको आयोजना छनौट सम्बन्धमा ।

३. संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजना तथा कार्यक्रमहरुको सम्बन्धमा ।

४. मेयर शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यविधि-२०८० सम्बन्धमा ।

५. काठमाण्डौमा आयोजना गर्ने समन्वय बैठक/भेला सम्बन्धमा ।

६. प्राकृतिक श्रोत उपयोग करको ठेक्का सम्बन्धमा ।

७. आप्रबासी श्रोत केन्द्र स्थापनाको लागि भएको सम्झौता सम्बन्धमा ।

८. लमजुङ महोत्सव सहयोग सम्बन्धमा ।

९. बेसीशहर चिनाउने लोकगीत रेकर्डिङ सम्बन्धमा ।

१०. पुरानोकोट गढीको शोधभर्ना निकासा माग सम्बन्धमा ।

११. विविध

- स्पष्टीकरण सोध्ने सम्बन्धमा । (गाईखुरे झरना)
- योजना कार्यक्रम संशोधन/ब्रेक डाउन सम्बन्धमा ।
- अध्ययन विदा सम्बन्धमा ।
- रंगीन सडक बत्ति सम्बन्धमा ।
- लमजुङ दरबार क्षेत्रको पुनर्निर्माणमा भएको ढिलाईको सम्बन्धमा ।
- त्रुटी सच्याइएको सम्वन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/११/३० गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : प्रदेश विशेष र समपुरक अनुदानको आयोजना छनौट सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखराको च.नं ६०१ मिति २०८०/१२/०१ को प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकाबाट आगामी आर्थिक बर्ष २०८१/०८२ को लागि विशेष र

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/१२ गतेको बैठक

समपुरक अनुदानतर्फ देहायको आयोजना/कार्यक्रम छनौट गरिएको हुँदा पत्रमा माग भए वमोजिमको ढाँचामा २०८० चैत मसान्त भित्र आर्थिक मामिला मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

विशेष अनुदानतर्फः

(क) फोहरमैला प्रशोधन तथा व्यवस्थापन बेसीशहर नगपालिका रु. १ करोड ५० लाख

(ख) पुरानोकोट गढी खानेपानी आयोजना निर्माण बेसीशहर नगरपालिका-४ रु. ५० लाख

(ग) बाल उद्यान तथा पार्क निर्माण, बेनपा १ आकाशे (गाइखुरे झरना नजिक) रु.७५ लाख

समपुरक अनुदानतर्फः

(क) जिल्ला अस्पताल चोक-मर्स्याङ्दी नदि मोटरेवल पुल-१० नं वडा कार्यालय जाने सडक रु. १ करोड

(ख) भकुण्डे-चिसापानी- पुरानोकोट सडक बेनपा २ र ४ रु. ५० लाख

(ग) रानीकुवा-गाउँशहर-काउलेपानी सडक बेनपा-३ रु. ५० लाख

**निर्णय नं ३ : संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजनाहरुको सम्बन्धमा ।**

नगरपालिकाको मात्र श्रोत र साधनले नभ्याउने, विगत नगरसभाबाट संघीय र प्रदेश सरकार समक्ष माग गर्ने भनि निर्णय गरिएका आयोजना तथा कार्यक्रमहरुमध्येबाट केही परिमार्जित गर्नुपर्ने भएमा सो समेत गरी आयोजना तथा कार्यक्रम छनौट गरी उक्त आयोजना तथा कार्यक्रम संघीय र प्रदेश सरकारको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरिदिने व्यवस्थाको लागि संघीय र प्रदेश सरकारका मन्त्रालय तथा विभागहरु समक्ष पेश गर्ने जिम्मेवारी नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ : मेयर शैक्षिक सुधार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि सम्बन्धमा ।**

"बेसीशहर नगरपालिकाको मेयर शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यबिधि २०८०" स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : काठमाण्डौमा आयोजना गर्ने समन्वय बैठक/भेला सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आर्थिक बर्ष २०८१/०८२ को बार्षिक योजना तर्जुमाको सन्दर्भमा राय सुझाव सल्लाह लिन तथा बेसीशहर नगरपालिकाका प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरुलाई संघीय सरकारका विभिन्न निकायहरुबाट आगामी आ.व.२०८१/०८२ को बार्षिक कार्यक्रममा समावेश गर्ने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण हुने अपेक्षाका साथ बेसीशहर नगरपालिका भित्र जन्मीहुर्की वा स्थायी बासस्थान भई हाल काठमाण्डौमा रहनुभएका विभिन्न पेशा, विधा र क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरिसकेका वा गरिरहेका लब्धप्रतिष्ठित व्यक्तिहरुसंगको समन्वय बैठक मिति २०८०/१२/२१ गतेका दिन काठमाण्डौमा आयोजना गर्ने निर्णय गरियो । साथै यसको लागि प्रस्तावना स्वीकृत गरी व्यवस्थापकीय पक्ष मिलाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/१२ गतेको बैठक

**निर्णय नं ६ : प्राकृतिक श्रोत उपयोग करको ठेक्का सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व.को प्राकृतिक श्रोत उपयोग करको ठेक्का अन्तर्गत ठेक्का नं १३ रिङ्नेबगर घाटको ठेक्का प्रकृयाको लागि तेश्रो पटकको सूचना अनुसार एक मात्र बोलपत्र फारम पेशकर्ता प्रवेश ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौको प्रस्ताव वमोजिम ठेक्का स्वीकृत भैसकेको तर विभिन्न कारणवश तोकिएको समय अवधी भित्र ठेक्का सम्झौता हुन नसकेकोमा यस नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८०/११/०९ को बैठकको निर्णयानुसार निजलाई सम्झौता गर्न ७ दिनभित्र सम्पर्क गर्न आउनु भनि जानकारी गराइएकोमा निजले सम्झौता गर्न मञ्जुर भएको जानकारी गराएकोले सम्झौताको लागि उपस्थित हुन आएमा निजसंग ठेक्का सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ७ : आप्रबासी श्रोत केन्द्र स्थापनाको लागि भएको सम्झौता सम्बन्धमा ।**

लमजुङ जिल्लाको सदरमुकाम बेसीशहरमा आप्रवासी श्रोत केन्द्र स्थापना गरी सुरक्षित, मर्यादित र शोषण रहित वैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाह गर्नको लागि सामाजिक तथा स्वास्थ्य मन्त्रालय, बेसीशहर नगरपालिका, जिल्ला प्रशासन कार्यालय र सामी हेल्भेटास विच भएको सम्झौतालाई अनुमोदन गर्ने साथै सो सम्झौतामा भएका व्यवस्थालाई कार्यान्वयन गर्ने सिलसिलामा आप्रवासी श्रोत केन्द्र सञ्चालनको लागि बेसीशहर नगरपालिकाले सहायक पाचौं तहको जनशक्ति सेवा करारमा राख्ने निर्णय गरियो ।

**निर्णय नं ८ : लमजुङ महोत्सव सहयोग सम्बन्धमा ।**

"स्थानीय उत्पादन, उद्योग, पर्यटन तथा पूर्वाधार-मौलिक कला संस्कृति, समृद्द लमजुङको आधार" भन्ने नाराका साथ मिति २०८०/१२/२३ देखि २०८१/०१/०३ गतेसम्म बेसीशहर नगरपालिका-७ सहजी खेलमैदानमा सञ्चालन हुन लागेको ८ औ लमजुङ महोत्सव-२०८० मा व्यवस्थापन सहयोगको लागि सांस्कृतिक तथा पर्व महोत्सव कार्यक्रम शिर्षकबाट रु. २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ : बेसीशहर चिनाउने लोकगीत रेकर्डिङ सम्बन्धमा ।**

बेसीशहर नगरपालिका-२ चिसापानीमा जन्मी लोक स्वर सम्राटको उपाधीबाट सम्मानित, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त लोक दोहोरी गायक राजु परियार र लोक गायिका मञ्जु विकको स्वरमा बेसीशहर नगरपालिका चिनाउने लोकगीत रेकर्डिङको लागि सांस्कृतिक तथा पर्व महोत्सव कार्यक्रम शिर्षकबाट रु. २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : पुरानोकोट गढीको शोधभर्ना निकास माग सम्बन्धमा ।**

बेसीशहर नगरपालिका-४ स्थित ऐतिहासिक स्थल पुरानोकोट गढीमा शान्ति स्तुपा सहितको भ्यूटावर निर्माण कार्य गर्न संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ६५ प्रतिशत र बेसीशहर नगरपालिकाको ३५ प्रतिशत दायित्व हुने गरी दुवै पक्ष विच सम्झौता भई सोही वमोजिम टेण्डर आह्वान गरी सवैभन्दा घटी टेण्डर पेश गर्ने पराजुली कन्स्ट्रक्सन प्रा.लि.संग मिति २०७८/०३/२९ गते रु. ४ करोड ३ लाख ९९ हजार ४१७ मा मिति २०७९/१२/३० सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको र निर्माण व्यवसायीले समयमै उक्त निर्माण कार्य सम्पन्न गरी हर्जना सहित भुक्तानी माग

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/१२ गतेको बैठक

दावीको निवेदन पेश गरेको अवस्थामा नगर कार्यपालिका बैठकको निर्णयानुसार संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट निकासा प्राप्त गरेपछि शोधभर्ना गर्ने गरी ठेकेदारलाई हर्जना वापतको रकम भुक्तानी नदिई अन्तिम विलसम्मको पुरै रकम नगरपालिकाको आन्तरिक राजश्वबाट भुक्तानी गरि सकिएको हुँदा चालु आ.व. २०८०/८१ मा उक्त मन्त्रालयबाट रु. १ करोड ६० लाख CGASS मा अख्तियारी प्राप्त भएकोले को.ले.नि.का. लमजुङलाई शोधभर्ना निकासाको लागि यस नगरपालिकाको ग-१-१ आन्तरिक राजश्व खाता ३०४०१००३०१०१०००२ मा भुक्तानी निकासा गरिदिने व्यवस्था हुन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ११ : स्पष्टीकरण सोध्ने सम्बन्धमा ।

बेसीशहर नगरपालिका-१ गाइखुरे झरना क्षेत्रमा पर्यटकीय पूर्वाधार विकासको लागि बेसीशहर नगरपालिका लमजुङ र बोटे बोरा प्रा.लि काठ्माण्डौ विच मिति २०७९/०६/१३ मा सम्झौता भएको र उक्त सम्झौता वमोजिम एक वर्ष भित्र आयोजना निर्माणको कार्य शुरु गर्नु पर्नेमा आजका मितिसम्म पनि निर्माण कार्य शुरु गरेको नपाइएको हुँदा उक्त संस्थालाई ३० दिनको म्याद राखी स्पष्टीकरण सोध्ने निर्णय गरियो ।

निर्णय नं १२ : योजना/कार्यक्रम ब्रेक डाउन सम्बन्धमा ।

चालु आ.व. २०८०/०८१ का देहायका योजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन /रकमान्तर गर्ने निर्णय गरियो ।

देहाय

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.पुमाखोला -चनौटे भिरबाटो रेलिङ, बेनपा ६, (नगरस्तरीय) | २००००० | १.ढाँड भिर बाटो निर्माण चनौटे बेनपा ६ | २००००० |
| २. काउलेपानी होमस्टेमा अर्थिङ बेनपा३ | २५०००० | २. काउलेपानी सामुदायिक भवन मर्मत बेनपा ३ | २५०००० |
| ३.फुटकर तथा विविध कार्यक्रम बेनपा ३ | १०००००० | ३.१गाउँशहर चैते दशैं सांस्कृतिक उत्सव बेनपा ३<br>३.२यशोब्रह्मा मावि छात्रावास सहयोग<br>३.३ वडा टोल विकास संस्था अध्यक्ष सिकाइ तथा अध्ययन भ्रमण बेनपा ३ | १०००००<br>५००००<br>७५००० |
| ४.कालिका मन्दिरको गेट देखि ध्वाँखोला सम्मको मोटरबाटो स्तरोन्नति, बेनपा ३ | ३००००० | ४.लप्ले कृषि सडक निर्माण बेनपा ३ | ३००००० |
| ५. थामखोला खानेपानी मर्मत बेनपा ३ | १००००० | ५. रिपुमर्दन केसीको घरदेखि दारेगौंडा सम्मको सिंडी निर्माण बेनपा ३ | १००००० |
| ६. .विद्यालय डिजिटल शिक्षण सिकाई | ६००००० | १ ल्यापटप,कम्प्युटर र प्रोजेक्टर | ३००००० |

गुमान सिंह अर्याल

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/१२ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| प्रणाली व्यवस्थापन,पूर्वाधार सुधार तथा शिक्षक क्षमता अभिबृद्दि कार्यक्रम, बेनपा२ | | सहयोग,(बाल कल्याण मावि र बाल विद्याश्रम प्रा.वि.को लागि) बेनपा २ (२०८०/११/३० को निर्णय परिमार्जित) | |

**निर्णय नं १३: अध्ययन विदा सम्बन्धमा ।**

बेसीशहर नगरपालिका अन्तर्गत चण्डीस्थान स्वास्थ्य चौकीमा कार्यरत सि.अनमी कुसुम थापा बस्नेतले नर्सिङ विषयमा स्नातक अध्ययनको लागि तलबी अध्ययन विदाको सिफारिश पाउँ भनि कार्यालयमा पेश गरेको निवेदनको सम्बन्धमा नियमानुसार निजको अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १४: रंगीन सडक बत्ति जडान सम्बन्धमा ।**

८ औं लमजुङ महोत्सवको अवसरमा दीर्घकालिन रुपमा हुने गरी बेसीशहर बजार क्षेत्रमा रंगीन सडक बत्ति जडान गर्ने कार्यको लागि लमजुङ उद्योग वाणिज्य संघ/ महोत्सव आयोजक मार्फत कार्यान्वयन हुने गरी सडक बत्ती व्यवस्थापन शिर्षकबाट रु. ८० हजार विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५: लमजुङ दरबार क्षेत्रको पुनर्निर्माणमा भएको ढिलाईको सम्बन्धमा ।**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्व विभाग मार्फत बेसीशहर नगरपालिका-३ गाउँशहरमा रहेको लमजुङ दरबार क्षेत्रको पुनर्निर्माण कार्यमा भएको ढिलाइको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल हुँदा निर्माण कार्य तदारुकताका साथ गर्ने व्यवस्था हुन पुरातत्व विभागको ध्यानकर्षण गराउने निर्णय गरियो ।

**निर्णय नं १६: त्रुटी सच्याइएको सम्बन्धमा ।**

मिति २०८०/११/३० को कार्यापालिका बैठकको निर्णय नं ४ (ख) मा अंकमा १७०१००० हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख